# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, असार ११ गते २०३६ साल [ संख्या ११

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

राष्ट्रऋण ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले राष्ट्रऋण नियमहरू, २०२० को नियम ४ को उप-नियम (१) बमोजिम राष्ट्रऋण उठाउन ऋणपत्र निष्काशित गर्न यो सूचना प्रकाशित गरेको छ।

सो ऋणपत्रको जम्मा मूल्य, भुक्तानी अवधि, व्याजको दर, व्याजभुक्तानी समय र अन्य शर्तहरू निम्नबमोजिम खुलाइएको छ।

१. ऋणको नाम : यस ऋणको नाम "विकासऋण २०४४" रहेको छ।

२. ऋणको उद्देश्य : विभिन्न विकासयोजनाहरूलाई चाहिने खर्च पूर्ति गर्नको लागि यो ऋण उठाइएको छ।

३. निष्काशित ऋणको रकम : यो ऋणको जम्मा रकम रू. १०,००,००,०००।– ( रू. दश करोड ) मात्रको हुनेछ।

४. ऋणको व्ययभार : यो ऋणको व्ययभार श्री ५ को सरकारको संचित कोषप्रति हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. ऋणपत्रको प्रकार : यो ऋणको ऋणपत्र कम्तिमा रू. २५।– वा २५।– को गुणनफल (Multiple) ले भाग गर्दा निःशेष हुने अङ्कको स्टक वा २५।–, ५०।–, १००।–, १,०००।–, १०,०००।– वा १,००,०००।– दरको प्रमिसरी नोटको रूपमा किन पाइनेछ ।

६. ऋणपत्रको बिक्री अवधि : यो ऋणपत्रहरूको बिक्री अवधि २०३६ साल आषाढ १ गते-देखि ऐ. १५ गतसम्मको हुनेछ तर आवश्यक देखिएमा सो समय अगावै पनि बिक्री बन्द गर्न सकिनेछ ।

७. ऋणपत्रको बिक्री मूल्य : ऋणपत्रमा उल्लेख गरेबमोजिम पूरापूर मूल्यमा ऋणपत्र बिक्री हुनेछ ।

८. ऋणपत्र खरीद गर्न दरखास्त दिनुपर्ने : (१) ऋणपत्र खरीद गर्नको लागि नेपाल राष्ट्र बैंङ्कले तोकिदिएको ढाँचामा राष्ट्र बैङ्क वा त्यसको एजेन्ट सरह भै काम गर्ने अन्य कार्यालयमा दरखास्त दिन सकिनेछ ।

(२) उप-दफा (१) बमोजिम दरखास्त दिंदा जतिको ऋणपत्र खरीद गर्न चाहेको छ त्यसको पूरा रकम सो कार्यालयमा बुझाई त्यसको रसीद दरखास्त साथै पेश गर्नु पर्नेछ ।

(३) दरखास्त फाराम निःशुल्क पाइनेछ ।

९. बढी रकम स्वीकार गर्ने नगर्ने अधिकार : चाहिएको भन्दा बढी ऋण प्राप्त भएमा त्यसलाई स्वीकार गर्ने नगर्ने अधिकार श्री ५ को सरकारको हुनेछ ।

१०. बाँडफाँड गर्ने अधिकार : प्राप्त ऋणपत्रहरूको बाँडफाँड गर्ने अधिकार राष्ट्र बैङ्कलाई प्रदान गरिएको छ ।

११. स्वीकृत नभएको ऋण फिर्ता हुने : स्वीकृत नभएको रकम नेपाल राष्ट्र बैङ्कबाट यथा-शीघ्र दरखास्तवालालाई फिर्ता दिइनेछ । यसरी फिर्ता भएको रकममा ब्याज दिइने छैन ।

१२. स्वीकृत ऋणको प्रमाणपत्र दिने : स्वीकृत भएको ऋणको प्रमाणपत्र स्टक सर्टिफिकेट वा प्रमिसरी नोटको रूपमा दरखास्तवालाको मागअनुसार दिइनेछ । दरखास्तवालाले सो कुरा उल्लेख नगरेमा ऋणपत्र स्टककै रूपमा दिइनेछ ।

१३. ऋणको ब्याज : ऋणको ब्याज राष्ट्र बैङ्क वा सो बैङ्कका एजेन्टसरह भै काम गर्ने अन्य कार्यालयले रकम बुझेर लिएको मितिदेखि नै वार्षिक सयकडा १० का दरले दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. ऋणको साँवाको भुक्तानी : यो ऋणको साँवाको भुक्तानी २०४४ साल आषाढ १५ गते पछि दिइनेछ।

१५. ऋणको भुक्तानी दिने ठाउँ : यो ऋणको साँवा र ब्याज दरखास्तवालाको सुविधा-अनुसार राष्ट्र बैङ्क वा त्यसको एजेन्टमार्फत भुक्तानी दिइनेछ।

१६. ऋणसम्बन्धी व्यवस्था : यो ऋणको व्यवस्था र तत्सम्बन्धी सबै कारवाई नेपाल राष्ट्र बैङ्क राष्ट्रऋण विभागले गर्नेछ।

१७. ऋणपत्र खरीद गर्ने अधिकार : यस ऋणको ऋणपत्रहरू खरीद गर्ने अधिकार जुनसुकै व्यक्तिलाई पनि हुनेछ।

१८. कर नलाग्ने : यो ऋणबाट प्राप्त ब्याजमा आयकर छुट दिइएको छ।

१९. ऋणसम्बन्धी कानूनी कारवाई : यो ऋणसम्बन्धी कानूनी कारवाई प्रचलित नेपाल कानूनबमोजिम हुनेछ।

आज्ञाले–
देवेन्द्रराज पाण्डे
श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

१११

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## भूलसुधार

खण्ड २६ मिति २०३६।२।२८ संख्या ६ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाको नं. ५ (नेपाल न्याय सेवाका रा. प. प्रथम श्रेणीका अधिकृतहरूको सरुवासम्बन्धी ) क्र. सं. २ पृष्ठ १० मा रहेको श्री गोविन्दबहादुर श्रेष्ठको सरुवासम्बन्धी पूरै अंशलाई झिकी भइरहेको क्र.सं. ३, ४ र ५ लाई क्रमशः २, ३ र ४ गरी भूलसुधार गरिएको छ ।

कानून तथा न्याय मन्त्रालय

मुद्रण विभाग, सिंहदरबार

११२

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।